मे ५, २०२६

# *UW–Madison* ले २०२५–२०२७ सालको तलब रणनीति बनायो

*University of Wisconsin–Madison* नेतृत्वले सन् २०२५–२०२७ सालका लागि $२७ ६ मिलियन डलरको कर्मचारी तलबप्रतिको लगानी अनुमति गरे। यी लगानीहरू तलब संरचना अपडेटका साथमा आउनेछन्। हालको दृष्टिकोण विश्वविद्यालयको पूरा तलब दर्शनलाई समर्थन गर्ने उद्देश्यमा छ, जुन *UW* कर्मचारी र संकायलाई समर्थन गर्ने बजार प्रतिस्पर्धी रोजगारदाता हुनु हो।

केही *University Staff* ले उत्कृष्ट कामका लागि एक पटकको, एकमुष्ट कामको बोनस पाउनेछन्। तलब कार्यक्रममा केही *Academic Staff*, *Limited appointees* तथा संकायका लागि एकपटकको कामको बोनसहरू र केही संकायका आधार तलब समायोजनहरू पनि समावेश छन्।

## तलब योजना बढुवा जुन २८, २०२६ बाट लागू हुने

केन्द्रिय तलब कोषहरूले सन् २०२५–२७ सालको राज्यको द्विवार्षिक बजेट मार्फत प्रदान गरिएको सामान्य तलब वृद्धिलाई थपथाप गर्नेछन् , जसमा जुन २९, २०२५ देखि लागू हुने *Universities of Wisconsin* कर्मचारीहरूको लागि ३ प्रतिशत तलब वृद्धि साथसाथै जुलाई २०२६ को योजनामा राखिएको २ प्रतिशत वृद्धि पनि समावेश छ। २०२६ सालको तलब वृद्धि १२ महिने (वार्षिक) नियुक्ति हुने योग्य कर्मचारीहरूका लागि जुन २८, २०२६ अनि ९ महिने (शैक्षिक वर्ष) नियुक्ति हुने योग्य कर्मचारीहरूका लागि अगस्ट १७, २०२६ मा लागू हुनेछ। यस आगामी तलब वृद्धिको लागू हुने थप विवरण कर्मचारीहरूलाई भविष्यको मितिमा प्रदान गरिनेछ।

## तलब संरचना अपडेट

*UW–Madison* ले जुन २८, २०२६ बाट लागू हुने गरि ३ प्रतिशत तलब संरचनाको अपडेट गर्नेछ। यस अपडेटले कर्मचारी वर्गहरू व्यापी न्यूनतम, मध्यम तह अनि अधिकतम तलब श्रेणीहरू बढाउनेछ।

तलब संरचना अपडेटले आफैँ व्यक्तिगत तलब वृद्धि बनाउँदैन। बरु यसले तलब श्रेणीहरू प्रतिस्पर्धी रहन र हाल र भविष्यका तलब कार्यहरूलाई समर्थन गर्ने कुरा सुनिश्चित गर्दछ।

## केन्द्रिय तलब कोष लागू

हरेक स्कूल, कलेज वा विभागहरूलाई केन्द्रिय तलब कोषको लागि कर्मचारी योग्यता तथा वितरणका बारेमा आफ्ना प्रक्रियाहरूका रूपरेखा बनाउन र सो जानकारी आफ्नो युनिटका कर्मचारीहरूसँग साझा गर्न सोधिएको छ। आधारभूत तलब समायोजन वा एकपटकको कामको बोनस पाउन कर्मचारीहरूले निश्चित योग्यता मापदण्डहरू पूरा गर्नुपर्छ। उपलब्ध हुने बित्तिकै कर्मचारीहरूलाई थप जानकारी प्रदान गरिनेछ। यदि तपाईसँग कुनै प्रश्नहरू छन् भने कृपया आफ्नो सुपरभाईजर वा आफ्नो युनिटको मानव संसाधन विभागसँग कुरा गर्नुहोला।